# संक्षिप्त कार्यविधि ऐन, २०२८ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** संक्षिप्त कार्यविधि ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "संक्षिप्त कार्यविधि (पहिलो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा २ मा संशोधन :** संक्षिप्त कार्यविधि ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "उजूरी" भन्नाले अदालतमा दायर हुने फिरादपत्र, निवेदन, नालिस वा दावी वा प्रतिदावी सम्झनु पर्छ र सो शब्दले फौजदारी मुद्दामा अभियोग पत्र समेतलाई जनाउँछ ।"

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेका "एक हजार रुपैयाँसम्म मोल वा बिगो" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँसम्म मूल्य वा विगो" र "एक हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) यस ऐन बमोजिमको कार्यविधि अपनाई कारवाही र किनारा गर्ने प्रचलित कानून बमोजिमको अन्य मुद्दा ।"

(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) दफा (१) को खण्ड (क), (ख), वा (ग) बमोजिमको मुद्दामा क्षतिपूर्ति भराउनु पर्ने भएमा त्यस्तो विषयमा पनि उपदफा (१) बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।"

(४) उपदफा (२) मा रहेका "उपदफा (१) मा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क) मा" भन्ने शब्दहरु र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राखिएका छन् ।

४. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

नेपाल कानून आयोग (प्राविधिक मस्यौदा)

"४. <u>उजूरी:</u> (१) कसैले फिरादपत्र नदिई प्रमाण खुलाई लिखित वा मौखिक उजूरी दिएमा त्यस्तो उजूरी अदालतको सम्बन्धित कर्मचारीले अनुसूची -२क बमोजिमको ढाँचामा तयार गरी दर्ता गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजूरीमा आवश्यक भए बयान समेत गराई सोही आधारमा कारवाही गर्नु पर्नेछ । "

५. **<u>मूल ऐनको दफा ५ मा संशोधन :</u>** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उजूरीको दावी नै लाग्न नसक्ने, उजूरी विश्वसनीय नदेखिएमा वा उजूरी प्रमाणित हुने पर्याप्त प्रमाण नभएमा सम्बन्धित उजूरवालालाई त्यसको कारण खुलाई सात दिनभित्र प्रमाण पेश गर्न अदालतले आदेश दिनेछ । "

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) बमोजिमको म्यादभित्र उजूरवालाले प्रमाण पेश गर्न नसकेमा वा पेश भएको प्रमाणबाट उजूरी प्रमाणित हुन नसक्ने देखिएमा अदालतले कारण खुलाई त्यस्तो उजूरी खारेज गर्न सक्नेछ ।"

६. **<u>मूल ऐनको दफा ७ मा संशोधन :</u>** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) मा रहेको "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" र "नगरक्षेत्र" भन्ने शब्दको सट्टा "नगरपालिका क्षेत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "अदालतले पच्चीस रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित अदालतले पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) पछि देहायको उपदफा (४),(५),र (६) थपिएका छन् :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको नाउँमा कुनै समाव्हान वा इतलायनामा तामेल गर्दा पक्षको कुनै लिखित अभिलेख रहन सक्ने विद्युतीय माध्यमद्वारा म्याद, इतलायनामा वा सूचना दिन सकिने व्यवस्था भएको रहेछ भने त्यस्तो माध्यम प्रयोग गरी तामेल गर्न सकिनेछ ।

(५) मुद्दाको पक्ष सरकारी कार्यालय वा संगठित संस्थामा कार्यरत कर्मचारी भएमा निजलाई इतलायनामा वा समाव्हान बुझाउन जाँदा बुझी नलिएमा वा निज कार्यालयमा फेला नपरेमा सम्बन्धित कार्यालयमा पनि बुझाउन सकिनेछ ।

(६) उपदफा (२), (४) र (५) बमोजिम समाव्हान वा इतलायनामा तामेल गर्दा तामेल हुन नसके राष्ट्रियस्तरको दैनिक पत्रिकामा सात दिनको म्याद सहितको सूचना प्रकाशन गरी तामेली गरिनेछ र  यसरी दिइएको सूचना वा भएको म्याद तामेली रीतपूर्वक भए वा गरेको मानिनेछ ।"

७. **मूल ऐनको दफा ११क. मा संशोधन :** मूल ऐनको दफा ११क. को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क), (१ख) र (१ग) थपिएका छन् :

"(१क) अदालतले फैसला हुनुभन्दा अगाडि मुद्दाका पक्षहरुलाई दावी वा प्रतिवादको विगो बाहेक मुद्दामा भएको वास्तविक खर्चको प्रमाण सहितको विवरण पेश गर्न आदेश दिनेछ ।

(१ख) उपदफा (१क) बमोजिम पेश गरेको विवरणको आधारमा अदालतले फैसला गर्दा हार्ने पक्षबाट जित्ने पक्षले व्यहोरेको मनासिव खर्च भराई दिनु पर्नेछ ।

(१ग) न्यायाधीशले फैसला भएपछि पन्ध्र दिनभित्र सम्बन्धित फाँटमा फैसलाको पूर्णपाठ पठाउनु पर्नेछ ।"

(२) ठाउँठाउँमा रहेका "झगडिया" भन्ने शब्दको सट्टा "मुद्दाका पक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल ऐनको दफा १२ मा संशोधन :** मूल ऐनको दफा १२ को उपदफा (१) मा रहेका "सामान्य कार्यविधि" भन्ने शब्दहरुको सट्टा "विशेष कार्यविधि वा सामान्य कार्यविधि" भन्ने शब्दहरु राखिएका छन् ।

९. **मूल ऐनको दफा १४ मा संशोधन :** मूल ऐनको दफा १४ को उपदफा (३) को खण्ड (ख), (ग), (घ), (च), (छ), (ज) र (ञ) झिकिएका छन् ।

१०. **मूल ऐनको अनुसूची १ मा संशोधन :** मूल ऐनको अनुसूची-१ को,-

(१) खण्ड ४,५,७,८,९,१२ र १४ झिकिएका छन् ।

(२) खण्ड १७ को उपखण्ड (छ) पछि देहायको उपखण्ड (छक) थपिएको छ :

"(छक)  धर्मपुत्र, धर्मपुत्रीको महल अन्तर्गतको मुद्दा ।"

(३) खण्ड १७ को उपखण्ड (ज) झिकिएको छ ।

११. **मूल ऐनमा अनुसूची २क थप :** मूल ऐनको अनुसूची २ पछि अनुसूची २क थपिएको छ ।

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

"अनुसूची- २क
श्री ...............जिल्ला अदालतमा पेश गरेको
उजूरी पत्र

**विषय :- उजूरी दर्ता गराई पाऊँ ।**

**........**को छोरा/छोरी..........जिल्ला...........न.पा/गा.वि.स......वडा.नं....... बस्ने बर्ष..........को...........१
**निवेदक**

विरुद्ध

**........**को छोरा/छोरी........जिल्ला..........न.पा/गा.वि.स..........वडा.नं. ...... बस्ने बर्ष..........को.........१ **विपक्षी**

**मुद्दा :-**

म निम्न प्रकरणहरुमा लेखिए बमोजिम उजूरी गर्दछु ।

१.

२.

३.

४.

५.

६. यसै अदालतको अधिकार क्षेत्रभित्र पर्दछ ।

७. निम्नानुसारको दस्तुर यसै साथ बुझाउन ल्याएको छु ।

(क).................बापत रु..............

(ख).................बापत रु..............

(ग)..................बापत रु................

८. हाल कानून व्यवसायी नियुक्त गरेको छु । छैन ।

९. प्रमाण :-

१०. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

उजूरीकर्ताले मौखिक रुपमा भने बमोजिम उजूरी तयारी गरेको व्यहोरा साँचो हो भनी सही गर्ने :-

नाम :-

दर्जा :-

दस्तखत :-

मिति :-

........................

ईति सम्वत् २०७.........................साल ............ गते रोज.......... शुभम् ............................"

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)

नेपाल कानून आयोग (प्रारम्भिक मस्यौदा)